प्रदेश सरकार

लुम्बिनी प्रदेश

उद्योग वाणिज्य, तथा आपुर्ति मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

दाङ

☎ ०८२-५६०००४
☎ ०८२-५६३३६९

## सूचना ! सूचना !! सूचना !!!

सूचना प्रकाशित मिति २०७८।९।१३

घरेलु तथा साना उद्योग कार्यालय दाङको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार व्यवसाय गरिरहेका वा गर्न इच्छुक शहिद तथा बेपत्ता परिवारका सदस्य, घाइते व्यक्ति वा निजको परिवारको सदस्य, दलित एवं महिलाहरुलाई उद्यमशिलता विकाश, सीप विकास तालिम तथा प्रविधी हस्तान्तरण मार्फत उद्योग स्थापना र स्थापित उद्योगको सवलीकरणमा सहयोग गर्ने गरी १०० (एक सय) जनालाई उद्यमशिलता विकास तालिम ८ दिने (शैद्धान्तीक) र सो तालिमवाट छनौट भएको विषयमा सीपमुलक तालिम र सो तालिमलाई चाहिने प्रविधि हस्तान्तरण ८० % कार्यालयको २० % सम्बन्धित उद्यमिले लागत सहभागिता हुने गरी वजेट विनियोजन भएकोले मिति २०७८/८/२२ च.नं. २९४६ बाट बबई गाँउपालिकावाट ५ वडामा १४/१४ जना गरी ७० जना र २ वडामा १५/१५ गरी ३० जना गरी कूल १०० जना सहभागी छनोट गरी पठाई दिने भनी पत्राचार भएकोमा हाल सम्म कोही कसैको नाम नामेसी प्राप्त नभएकाले त्यस्तो तालिम लिन ईच्छुक व्यक्तिहरु तपशिलको कागजात सहित रु १० (दश) को टिकट टाँसी सम्बन्धित वडामा सम्पर्क गरी फारम भर्न हुन र सम्बन्धित वडाहरुले समेत सबैको पाएक पर्नेमा तालिम गराउने स्थान एकिन गरी आ-आफ्ना वडावाट वढिमा १५ जना सहभागी छनौट गरी गाँउपालिका मार्फत यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सो दिन विदा परेमा अर्को एकदिन सम्म सिफारिस साथ नाम नामेसी र तालिमको विषय समेत खुलाई निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सहभागिको योग्यता**

१. १८ वर्ष उमेर पुरा भएको ।

२. साधारण लेखपढ गर्न सक्ने ।

**तालिमका सहभागीलाई प्राप्त हुने सेवा सुविधा**

१. प्रशिक्षक कार्यालयले उपलब्ध गराउनेछ ।

२. तालिम सामाग्री कार्यालयले उपलब्ध गराउनेछ ।

३. प्रशिक्षार्थीहरुलाई हाजिर भएको दिनको खाजा खर्च रु १००/ तालिम समाप्त भएपछि एकमुष्ट नगदै प्रदान गरिनेछ ।

४. तालिम समाप्ती पछी प्रमाण पत्र प्रदान गरिनेछ ।

५. सहभागी तोकिएको भन्दा वढी भएमा अन्तरवार्तावाट छनौट गरिनेछ ।

**नोट**

१. शहिद घाईते बेपत्ता परिवारका सदस्यहरुलाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।

२. छनौट भएका प्रशिक्षार्थीहरुको उद्यमशिलता तालिम २ वडाको एक स्थानमा र सीपमुलक तालिम आ-आफ्नो वडामा सञ्चालन हुनेछ ।

घरेलु तथा साना उद्योग कार्यालय
दाङ

उम बहादुर वली
निमित्त प्रमुख उद्योग अधिकृत